कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि बिकास कार्यालय

## रूकुम (पश्चिम)

कार्यालय कोड नं: ३१२०१५९०२६

☎ ०८८-५३००१९

प.सं. २०८१/८२
सूचना नं. ०४

मितिः२०८१/०६/१५

### कृषि ब्यवसाय सूचिकृत हुने सम्बन्धि सूचना !!!

कर्णाली कृषि ब्यवसाय प्रवर्द्धन नियमावली २०८० को नियम ४ मा भएको ब्यवस्था र कृषि अनुदान प्रणालीलाई ब्यवस्थित गरी कृषि ब्यवसाय प्रर्द्धनमा टेवा पुर्याउने उदेश्य अनुरुप यस कार्यालयको आ.ब. २०८१/८२ स्विकृत बार्षिक कार्यक्रम अनुसार जिल्लामा स्थापित तथा सञ्चालनमा रहेका फर्म/कम्पनी/समूह तथा सहकारीको सूचिकरण गरी प्रकाशन गर्ने लक्ष्य रहेकोले जिल्लामा क्रियाशिल कृषि सामाग्रि आपूर्तिकर्ता एवं उत्पादक (फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्था) हरुलाई ब्यवसाय सूचिकरणका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित मितिले ३० दिन भित्र (मिति २०८१/०७/१५ गतेका दिन सार्वजनिक बिदा परेमा सो पछि कार्यालय खुलेको दिन) यस कार्यालयमा तपसिल अनुसारका कागजातहरु सहित आवेदन पेश गर्नुहुन जानकारी गराइन्छ। तोकिएको समय भित्र सूचीकृत नहुने ब्यवसायिहरुलाई कृषि अनुदान प्रणालीमा सहभागि गराउन वा बिरुवा तथा बिरुवाजन्य उत्पादन श्रोत केन्द्र निर्धारण गरी बिक्री पर्वद्धनका लागि सिफारिस गर्न कार्यालय बाध्य हुने छैन । यस सम्वन्धी थप जानकारीका लागि कार्यालयको *Website: www.adorukum.gov.np* हेर्न वा टेलिफोन नं. ०८८-५३००१९ मा सम्पर्क गर्न सकिने छ ।

<u>आवश्यक कागजातहरु:</u>

१. अनुसूची-३ बमोजिमको निबेदन ।
२. संचालक/कार्यकारीको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
३. कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनी दर्ताको प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनीको प्रोफाइल तथा प्रगति प्रतिबेदन ।
५. स्थायी लेखा नम्बर तथा आ.ब.२०८०/८१ को कर चुक्ता प्रमाण पत्र ।

भरत बहादुर बस्नेत
निमित्त प्रमुख